# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सल्ले, काभ्रेपलाञ्चोक
## बागमती प्रदेश, नेपाल

# आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/०४/०५ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड "घ" को उपखण्ड (६), दफा ६२, २(क) तथा ६५, २(ग) मा भएको व्यवस्था अनुसार ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, गाउँ कार्यपालिकाको निर्णयानुसार देहायको शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०८२/०८३ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-biding मार्फत यस कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८२/०८३ को लागि निर्धारण गरिएको संकलन तथा विक्री परिमाण (घन मि.) | आ.व. २०८२/०८३ को लागि निर्धारण गरिएको ढुंगा, गिट्टी र बालुवा घाटगद्दी न्यूनतम दररेट रु. (प्रति घन मि.) | न्यूनतम कबोल रकम रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| BRM/NCB/IR/01/082/083 | वडा नं १ बाधा बगर | १६४८०।०० | २४७।२३८ | ४०,७४,४८२।२४ | ५,०००/- | कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा बोलपत्र खोलेको दिनबाट १८० दिन म्याद भएको बैंक जमानत। |
| BRM/NCB/IR/02/082/083 | वडा नं ७ आमथली बगर | २८७७४।०० | २४७।२३८ | ७१,१४,०२६।२१ | ५,०००/- | |
| | वडा नं ७ पाटी बगर | १२०६५।०० | २४७।२३८ | २९,८२,९२६।४७ | | |
| | वडा नं.६आँपघाट बगर | ३५०४१।१० | २४७।२३८ | ८६,६३,४९१।४८ | | |
| BRM/NCB/IR/03/082/083 | वडा नं ९ देउपाले बगर | १९०९५।५ | २४७।२३८ | ४७,२१,१३३।२३ | ५,०००/- | |
| | वडा नं ९ काफ्लेका गर्तिला र लामपाते बगर | २३०७८।९ | २४७।२३८ | ५७,०५,९८१।०८ | | |
| BRM/NCB/IR/04/082/083 | वडा न. १० पशुपति बगर | ५२०२६।९६ | २४७।२३८ | १,२८,६३,०४१।५४ | ५,०००/- | |
| BRM/NCB/IR/05/082/083 | वडा नं १० डडुवा बगर | ४९४५८।०० | २४७।२३८ | १,२२,२७,८९७।००४ | ५,०००/- | |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वत: रद्ध हुनेछ। उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ। अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

२. ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन। साथै IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा बढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामाग्री उत्खनन् गर्न पाइने छैन।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ।